# भूमे साप्ताहिक

वर्ष ७ अङ्क २२ पुस २७आईतबार


## सम्पादकीय

# चिसोमा सावधानी नै बचावटको उत्तम उपाय

हिउँदको चिसोले यतिबेला जनजीवनलाई प्रत्यक्ष प्रभावित बनाएको छ। हिमाली र उच्च पहाडी भेगमा चिसोका कारण नागरिकको दैनिक जनजीवन मात्र होइन, जनस्वास्थ्य र सार्वजनिक सुरक्षामा समेत गम्भीर चुनौती थपिएको छ। प्राकृतिक रूपमा आउने यस्ता मौसमी परिवर्तनलाई रोक्न नसकिए पनि समयमै अपनाइने पूर्वतयारी र सचेतनाले यसबाट हुने र भौतिक क्षतिलाई भने निश्चित रूपमा न्यूनिकरण गर्न सकिन्छ।

जाडोको समयमा विशेष गरी बालबालिका, ज्येष्ठ नागरिक र सुत्केरी महिलाको स्वास्थ्य निकै संवेदनशील हुन्छ। निमोनिया, श्वासप्रश्वास र मुटु सम्बन्धी रोगहरूको जोखिम बढ्ने यो समयमा सन्तुलित खानपान र न्यानो कपडाको प्रयोगमा विशेष ध्यान दिनु आवश्यक छ। अर्कोतर्फ, चिसो छल्न प्रयोग गरिने हिटर वा आगो ताप्ने क्रममा हुने असावधानीले वर्षेनी निसास्सिएर ज्यान जाने र आगलागी हुने गरेका दुःखद घटनाहरू दोहोरिने गरेका छन्। यस्ता विपद् बाट जोगिन पर्याप्त हावा ओहोरदोहोर हुने ठाउँमा मात्र आगोको प्रयोग गर्न र सुत्नुअघि अनिवार्य रूपमा आगो र हिटर निभाउने जस्ता प्राथमिक सुरक्षा नियमको पालना गर्न सर्वसाधारणमा सचेतना फैलाउनु आजको आवश्यकता हो।

हिउँदको अर्को अदृश्य तर भयावह जोखिम सडकमा जम्ने 'तुसारो' हो। बिहानीपख सडकको सतहमा जम्ने बरफको कारण सवारी साधनहरू अनियन्त्रित भई दुर्घटना हुने जोखिम हाम्रो जिल्लामा उच्च रहको छ। विशेष गरी घुम्ती र पहाडी सडकखण्डहरूमा तुसारोका कारण सडक अत्यन्तै चिप्लो हुने हुँदा सवारी चालकहरूले गति नियन्त्रण र उच्च सतर्कता अपनाउनु अनिवार्य छ। सडक विभाग र ट्राफिक प्रहरीले यस्ता जोखिमपूर्ण सडकखण्डको पहिचान गरी आवश्यक संकेत चिह्नहरू राख्ने र चालकहरूलाई पूर्वजानकारी दिने कार्यमा तदारुकता देखाउनु पर्दछ।

यस विषम परिस्थितिमा राज्यको 'अभिभावकीय' भूमिका अझ बढी प्रखर हुन जरुरी छल। स्थानीय सरकारहरूले आफ्नो क्षेत्रभित्रका विपन्न र असहाय नागरिकलाई न्यानो कपडा र आश्रयको व्यवस्था मिलाउन ढिलाइ गर्नु हुँदैन। स्वास्थ्य संस्थाहरूमा औषधी र जनशक्तिको पूर्ण उपलब्धता सुनिश्चित गर्दै ग्रामीण भेगसम्म स्वास्थ्य सचेतनाका कार्यक्रमहरू पुऱ्याउनु पर्दछ।

अतः चिसोको सामना गर्नु केवल व्यक्तिको मात्र नभई राज्य र समाजको साझा दायित्व हो। सरकारी निकायको प्रभावकारी समन्वय, सुरक्षा संयन्त्रको सक्रियता र नागरिकको व्यक्तिगत जागरूकताले नै हामीलाई चिसो र यसबाट सिर्जित जोखिमहरूबाट सुरक्षित राख्न सक्छ। प्रतिकूल मौसमका बीच पनि जनजीवनलाई सहज र सुरक्षित बनाउनु नै आजको प्रमुख प्राथमिकता हो।




## प्रकाशक

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

समाचार

वर्ष ७ अङ्क २२ २०८२ पुस २७ आईतबार

# नीतिगत निर्णय गर्दै भूमेको हिउँदे अधिवेशन समापन




❖ *साप्ताहिक संवाददाता*

रुकुम पूर्वको भूमे गाउँपालिकाको हिउँदे अधिवेशन (गाउँ सभा) आइतबार सम्पन्न भएको छ। आर्थिक वर्ष



२०८२/०८३ को नीति तथा कार्यक्रम र बजेटको मध्यावधि समीक्षा गर्दै सभाले महत्वपूर्ण निर्णयहरू पारित गरेको हो । गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठको अध्यक्षतामा सम्पन्न अधिवेशनले मुख्यगरी दुईवटा कार्यसूचीमाथि केन्द्रित रहेर छलफल गरेको थियो । सभाले न्यायिक समितिले सम्पादन गरेका कामहरूको वार्षिक प्रतिवेदन र विभिन्न विकास योजनाहरूको रकमान्तर सम्बन्धी प्रस्तावलाई सर्वसमत सम्मतिले पारित गरेको छ । गाउँपालिकाका प्रवक्ता नारायण पुन मगरका अनुसार, चालु आर्थिक वर्षका केही योजनाहरू जनचाहना र आवश्यकताका आधारमा बजेट रकमान्तर गरिएको हो । "बजेटको प्रभावकारी कार्यान्वयन र विकासको गतिलाई तीव्रता दिन केही योजनाहरूको रकमान्तर गर्ने निर्णय भएको छ," प्रवक्ता पुनले भने, "यसले फ्रिज हुने जोखिममा रहेका बजेटलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न सहयोग पुग्नेछ।"त्यस्तै, उपाध्यक्षको नेतृत्वमा रहने न्यायिक समितिले स्थानीयस्तरमा गरेका विवाद निरुपण र मेलमिलापका प्रयासबारेको प्रतिवेदनमाथि पनि सभामा छलफल भएको थियो। स्थानीय सरकार सञ्चालन ऐन बमोजिम समितिले आफ्नो कार्य सम्पादनको फेहरिस्त सभामा प्रस्तुत गरेको हो।

अधिवेशनको सुरुमा वडा नं.-३ का वडाध्यक्ष प्रशुराम बुढामगरले स्वागत मन्तव्य राख्दै गाउँपालिकाको समृद्धिका लागि जनप्रतिनिधिहरूबीच साझा धारणा हुनुपर्नेमा जोड दिएका थिए। हिउँदे अधिवेशन सकिए सँगै गाउँपालिकाले अब दोस्रो चौमासिकका योजनाहरूको कार्यान्वयन र अनुगमनलाई थप प्रभावकारी बनाउने लक्ष्य लिएको छ।

३ भूमे साप्ताहिक
समाचार
वर्ष ७ अङ्क २२ २०८२ पुस २७ आईतबार

# दलित सशक्तीकरणका लागि भूमेमा बहस

❖ *भूमे साप्ताहिक समाचारदाता*

परम्परागत सामाजिक संरचनामा पछाडि पारिएको दलित समुदायको हक, अधिकार र वर्तमान सरोकारका विषयमा गाउँपालिकाको आयोजनामा पालिकाको सभाहलमा आयोजित 'दलित सरोकार तथा अधिकार सम्बन्धी दुई दिने कार्यशाला' मा सहभागीहरूले अधिकार प्राप्तिका लागि राजनीतिक र सामाजिक चेतनासँगै आर्थिक आत्मनिर्भरता सम्बन्धी दुई दिने अभिमुखीकरण गरिएको छ। २३ र २४ गते सञ्चालित उक्त कार्यशालामा गाउँपालिकाका विभिन्न वडाबाट आएका दलित समुदायका अगुवा, युवा, अधिकारकर्मी र वडाका दलित जनप्रतिनिधिहरूको बाक्लो उपस्थितिमा दलित समुदायले भोग्दै आएका जातीय विभेद, आर्थिक असमानता र नीति निर्माणमा उनीहरूको अर्थपूर्ण सहभागिताका विषयमा केन्द्रित रहेर छलफल गरिएको थियो। कार्यक्रमको समापन गर्दै गाउँपालिकाका अध्यक्ष होम प्रकाश श्रेष्ठले समाजमा अझै पनि अवशेषका रूपमा रहेको जातीय विभेद लोकतन्त्रको कलंक भएको बताउनुभयो । "हामीले व्यवस्था परिवर्तन गर्‍यौं, अब अवस्था परिवर्तन गर्ने बेला आएको छ," अध्यक्ष श्रेष्ठले भन्नुभयो, "भूमे गाउँपालिकाले दलित समुदायको शिक्षा, स्वास्थ्य र सीप विकासका लागि विशेष योजनाहरू ल्याएको छ। स्थानीय सरकार तपाईँहरूको अभिभावक बनेर उभिएको छ ।" गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देविलाल विकले प्रशासनिक दृष्टिकोणबाट दलित समुदायका समस्याहरूलाई सम्बोधन गरिने




बताउनुभयो । उहाँले भन्नुभयो, "संविधानले दिएका अधिकारहरूलाई व्यवहारमा उतार्न पालिकाको प्रशासन संयन्त्र सधैं तत्पर छ। लक्षित वर्गका कार्यक्रमहरूलाई प्रभावकारी बनाउन र बजेटको सही सदुपयोग गर्न समुदाय आफैं पनि जागरुक हुनुपर्छ।" प्रशिक्षक एवं समाजशास्त्री तिलक विश्वकर्माले दुई दिनसम्म दलित आन्दोलनको इतिहास, संवैधानिक हक र वर्तमान चुनौतीबारे प्रशिक्षण दिनुभएको थियो ।उहाँले समाजको पिँधमा रहेका मानिसहरूको मुक्ति नभएसम्म वास्तविक लोकतन्त्रको अनुभूत हुन नसक्ने तर्क गर्नुभयो। "दलित समस्या केवल एउटा समुदायको मात्र होइन, यो समग्र समाज र राष्ट्रको विकासको बाधक हो," विश्वकर्माले भन्नुभयो, "त्यसैले अधिकारको लडाइँसँगै दलित समुदायले आफ्नो आन्तरिक एकता र सीपलाई पनि परिष्कृत गर्नुपर्छ।" तालिममा सहभागी प्रशिक्षार्थी आस्था विकले यस्ता कार्यक्रमले आफूहरूमा आत्मविश्वास बढाएको प्रतिक्रिया

दिए।"यसअघि हामीलाई धेरै कानुनी प्रावधानहरू थाहा थिएन।यो दुई दिनको बसाइले हामीले आफ्ना हक र कर्तव्यबारे धेरै कुरा बुझ्ने मौका पायौं,"आस्थाले अनुभव सुनाउँदै भने,"अब हामी गाउँ फर्किएर अरूलाई पनि सचेत गराउनेछौं र आफ्नो अधिकारका लागि आवाज उठाउनेछौं।"कार्यशालामा सहभागी अन्य अगुवाहरूले दलित जनप्रतिनिधिहरूलाई केवल कोटामा मात्र सीमित नराखी निर्णय प्रक्रियामा निर्णायक भूमिका दिनुपर्ने माग समेत गरेका थिए।

# टेलिफोन र इन्टरनेट समस्याबारे सञ्चारमन्त्रीलाई ध्यानाकर्षण



❖ *भूमे साप्ताहिक समाचारदाता*

भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठसहितका स्थानीय नेता कार्यकर्ताले सूचना तथा सञ्चार प्रविधि मन्त्री जगदीश खरेलसँग भेटवार्ता गरेका छन्। सोमबार मन्त्रालयमा पुगेर उनीहरूले सञ्चारमन्त्री खरेललाई भेट गरेको हो।सो क्रममा सिस्ने, भूमे र पुथाउत्तरगङ्गा गाउँपालिकाकामा देखिएको इन्टरनेट एवं टेलिफोन समस्याबारे समाधानका लागि ध्यानाकर्षण गराएका थियो। मन्त्री खरेललाई जिल्लाको भौगोलिक अवस्था र सञ्चार अभावका कारण जनताले भोग्नुपरेको सास्तीबारे ध्यानाकर्षण गराएको थियो।भूमे गाउँपालिका वडा नं.–२ बोप्पा र साविकको मोराबाङ,कार्की क्षेत्र, भूमे ६ र ७ को सिमाना: रिसाल र हुलबाङ, वडा न.१ यमडाँडा लगायतका आसपासका क्षेत्रहरूको समस्याबारे मन्त्री खरेललाई ध्यानाकर्षण गराएको हो।

सो क्रममा मन्त्री खरेलले तत्काल प्रक्रिया अगाडि बढाउन र प्राविधिक अध्ययन गरी काम सुरु गर्न नेपाल टेलिकमलाई पत्राचार गरिसकिएको जानकारी दिनुभएको छ।‘अबको युगमा पनि सञ्चार सेवाबाट वञ्चित रहनुपर्ने अवस्था दु:खद छ। रुकुम पूर्वका यी क्षेत्रमा छिट्टै टावर विस्तार गरी टेलिफोन सुविधा पुऱ्याउन म प्रतिबद्ध छु,’ खरेलले भन्नुभयो। अधिकांश ग्रामीण भेगका बासिन्दाहरू अझै पनि सञ्चार सुविधाबाट टाढा छन्। हातमा मोबाइल सेट भए पनि टावर नहुँदा एउटा जरुरी फोन गर्नका लागि पनि घण्टौँ हिँडेर अग्ला डाँडातिर दौडनुपर्ने स्थानीयको नियति बनेको छ।

जिल्लाका तीनवटै स्थानीय तहहरू सिस्ने, भूमे र पुथाउत्तरगङ्गा गाउँपालिकाका विभिन्न गाउँहरूमा टेलिफोन र इन्टरनेट सेवा पुग्न सकेको छैन। सञ्चारको पहुँच नहुँदा स्थानीयहरू सूचनाको हकबाट मात्र होइन, आपतकालीन समयमा सहयोग माग्न समेत वञ्चित भएका छन्।सञ्चार सेवा नहुँदा गाउँमा बिरामी पर्दा, एम्बुलेन्स बोलाउन वा सरकारी सेवा लिने क्रममा डिजिटल कामहरू गर्न समेत समस्या भइरहेको छ।

# 'डढेलो नियन्त्रणमा प्रविधि र स्रोतको अभाव छ, तर मनोबल उच्च राखेर लडिरहेका छौं'



*रुकुम पूर्वको जैविक विविधता र पर्यावरणका लागि डढेलो पछिल्लो समय सबैभन्दा घातक शत्रु बनेको छ। बर्सेनि चैत-वैशाख लाग्नासाथ आकाश धुवाँले ढाकिन्छ र अमूल्य जडीबुटी तथा काठ खरानीमा परिणत हुन्छन् । राज्यको ढुकुटीबाट नियन्त्रणका नाममा खर्च त हुन्छ, तर परिणाम भने अझै सन्तोषजनक छैन।*

**हरेक वर्ष डढेलो दोहोरिइरहँदा पनि कार्यालय किन अझै प्रतिक्रियात्मक मात्रै देखिन्छ ?**

हरेक वर्ष डढेलोले वन उजाड बनाउँदा पनि डिभिजन वन कार्यालयको भूमिका किन सधैँ 'आगो लागेपछि कुवा खन्ने' जस्तै मात्र देखिन्छ ? तपाईँको प्रश्नमा केही हदसम्म जनगुनासो झल्किएको छ,तर वास्तविकता अलि फरक छ । वन डढेलो नियन्त्रणका दुईवटा पाटा हुन्छन्:एउटा कथाम (Prevention) र अर्को नियन्त्रण (Suppression)। हामीले हिउँदको सुरुदेखि नै जोखिम क्षेत्रको नक्सांकन गरेर अग्निरेखा (Fire-line)सफा गर्ने, प्रज्वलनशील पदार्थ हटाउने र समुदायमा सचेतना फैलाउने काम गर्छौं तर, रुकुमपूर्वको भूगोल र हावापानी यस्तो छ। कि सानो एउटा सलाईको काँटीले पनि हेर्दाहेर्दै भीषण रूप लिन्छ।यस्तो अवस्थामा हाम्रो प्राथमिकता आगो निभाउनु नै हुन्छ। त्यसैले बाहिरबाट हेर्दा हामी 'रियाक्टिभ' मात्र देखिएका हौँ, तर पर्दा पछाडि हाम्रा तयारीका कामहरू निरन्तर भइरहेका हुन्छन् ।

**अघिल्ला डढेलोबाट सिकेका पाठहरू कार्यान्वयन किन भएनन् ? कुन योजना कागजमै सीमित रह्यो ?**

अघिल्ला वर्षहरूका डढेलोबाट सिकेका पाठहरू कार्यान्वयन किन भएनन्? के हाम्रा योजनाहरू केवल दराजमा थन्किनका लागि मात्रै बनाइन्छन्? योजनाहरू कागजमा सीमित राख्न बनाइँदैन, तर कार्यान्वयनको धरातल निकै चुनौतीपूर्ण छ। हामीले हरेक वर्ष 'वन डढेलो व्यवस्थापन कार्ययोजना' परिमार्जन गर्छौं पहिले हामीसँग पर्याप्त तथ्यांक हुँदैनथ्यो, अहिले हामीले कुन ठाउँमा कति क्षति भयो भन्ने रेकर्ड राख्न थालेका छौं। बजेटको ठूलो हिस्सा प्रदेश र केन्द्रमा निर्भर हुन्छ, जसले गर्दा समयमै स्रोत साधन आइपुग्दैन।भौगोलिक जटिलता यति छ कि कतिपय ठाउँमा पुग्नै दुई दिन लाग्छ । यी भौतिक र संरचनागत बाधा हुँदाहुँदै पनि हामीले सामुदायिक वन उपभोक्ता समूहहरूलाई परिचालन गरेर स्थानीय स्तरमै डढेलो रोक्ने संयन्त्र विकास गरेका छौं ।

**डढेलोबाट नष्ट भएको वन क्षेत्रको यकिन तथ्यांक किन अद्यावधिक छैन ?**

तथ्यांकको कुरा गर्नुभयो, तर डढेलोबाट नष्ट भएको वन क्षेत्रको वास्तविक डाटा कहिल्यै

सार्वजनिक हुँदैन। यो सूचना लुकाउने प्रयास हो कि अक्षमता? यो सूचना लुकाउने कुरा होइन, बरु तथ्यांकको शुद्धता कायम गर्ने प्रयास हो । डढेलो लाग्ने बित्तिकै हामीले दिने जानकारी 'प्रारम्भिक अनुमान' मात्र हुन्छ। एउटा वन अधिकृतले फिल्डमा पुगेर GPS मार्फत जलाएको क्षेत्रको क्षेत्रफल ननिकाले सम्म आधिकारिक तथ्यांक बोल्न मिल्दैन । रुकुम पूर्वका कतिपय वनहरू भिरमा छन्, जहाँ प्राविधिकहरू पुग्नै सक्दैनन्।

यस्तो अवस्थामा हामीले नासा **(NASA) को FIRMS** डेटा र स्याटेलाइट इमेजको सहयोग लिन्छौँ । यो प्रक्रिया अलि समयसापेक्ष हुने भएकाले तथ्यांक सार्वजनिक हुन ढिला भएको हो। हामी यसलाई डिजिटल प्रणालीमार्फत छिटो छरितो बनाउन प्रयासरत छौं।

**क्षतिको मूल्यांकनमा स्थानीय तह र कार्यालयबीच किन फरक–फरक तथ्य आउँछन् ?**

क्षतिको मूल्यांकनमा स्थानीय तह र तपाईँको कार्यालयको दाबी कहिल्यै मिल्दैन। एउटै राज्यका दुई निकायबीच किन यति ठूलो खाडल? यसमा प्राविधिक र सामाजिक दृष्टिकोणको अन्तर छ।



स्थानीय तहले डढेलोलाई मानवीय संकट र पूर्वाधारको क्षतिका रूपमा हेर्छन् । उनीहरूले डढेलोले कति गोठ जल्यो, कति गाईवस्तु मरे वा कति मानिस विस्थापित भए भन्ने विवरणलाई जोड दिन्छन् । तर, डिभिजन वन कार्यालयले वन ऐन र नियमावली अनुसार वनस्पतिको पुनरुत्पादन क्षमतामा परेको असर, जैविक विविधताको ह्रास र काठ-दाउराको आयतनमा भएको क्षतिको मूल्यांकन गर्छ ।

यी दुवै तथ्यांक आ-आफ्नो ठाउँमा सही हुन सक्छन् । यसलाई एकरूपता दिन हामीले 'संयुक्त द्रुत क्षति मूल्यांकन' (Joint Rapid Assessment) को अवधारणा अगाडि सारेका छौं।

**डढेलो नियन्त्रणका लागि बजेट छुट्याइन्छ भने किन उपकरण अभावको कुरा दोहोरिन्छ ?**

राज्यले डढेलो नियन्त्रणका लागि बजेट त पठाउँछ, तर फिल्डमा खटिनेहरू सधैँ उपकरणको अभावमा रित्तो हात आगोसँग लडिरहेका भेटिन्छन्।बजेट कहाँ जान्छ? बजेट मुख्यतया जनचेतना, अग्निरेखा निर्माण, र गोष्ठीहरूमा खर्च हुन्छ, जुन रोकथामका लागि अनिवार्य छ । तर, आधुनिक उपकरण जस्तै- 'फायर फाइटिङ सुट', 'वाटर पम्प', 'ड्रोन' र 'फायर र्‍याक' हरू खरिद गर्न ठूलो पुँजीगत बजेट चाहिन्छ, जुन हामीसँग अत्यन्तै न्यून छ। हामीसँग भएका पुराना सामग्रीहरू मर्मत गरेर चलाउनुपर्ने अवस्था छ। डढेलोको जोखिम क्षेत्र व्यापक छ। तर स्रोत साधन सीमित। त्यसैले हामीले उपलब्ध उपकरणलाई क्लस्टर बनाएर उच्च जोखिमका क्षेत्रमा मात्र वितरण गर्न सकेका छौं। यो समस्या समाधान गर्न हामीले स्थानीय तहलाई पनि आफ्नो बजेटको केही हिस्सा उपकरण खरिदमा लगाउन आग्रह गरिरहेका छौँ।

## जनशक्ति अभाव पुरानै समस्या हो भने समयमै माग र व्यवस्थापन किन गरिँदैन ?

जनशक्ति अभावको कुरा जहिले पनि बहाना मात्र बन्ने गरेको छ। यदि जनशक्ति कम छ भने समयमै माग किन गरिँदैन? जनशक्ति अभाव बहाना होइन, एक तीतो यथार्थ हो। रुकुम पूर्व जस्तो जिल्लामा एउटा रेन्जरले सयौँ हेक्टर वन हेर्नुपर्ने बाध्यता छ। कर्मचारी भर्ना गर्ने अधिकार डिभिजन कार्यालयसँग हुँदैन, यो लोक सेवा आयोग र प्रदेश सरकारको नीतिगत विषय हो। हामीले पटक-पटक माग फाराम भरिरहेका छौँ। तर, जनशक्ति नभएकै कारण हात बाँधेर बसेका भने छैनौँ। हामीले जिल्लाका सुरक्षा निकाय (नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी) सँग बलियो समन्वय गरेका छौँ। साथै, प्रत्येक सामुदायिक वनमा 'अग्नि नियन्त्रण उप-समूह' बनाएर जनशक्ति परिचालन गरिरहेका छौँ।

## अधिकांश डढेलो मानवीय कारणले हुने भनिन्छ, पछिल्ला पाँच वर्षमा कति जनामाथि कारबाही भयो ?

तथ्यांकले भन्छ- ९५ प्रतिशत डढेलो मानवीय कारणले लाग्छ। तर रुकुम पूर्वमा पछिल्लो ५ वर्षमा कति जनालाई कानुनी कठघरामा उभ्याइयो? हो, मानवीय लापरवाही वा नियतवश लगाइने आगो नै मुख्य समस्या हो। कतिपयले राम्रो घाँस पलाउँछ भन्ने अन्धविश्वासमा आगो लगाउँछन् भने कतिपयले चोरी-शिकारी लुकाउन। हामीले कानुनी कारबाहीलाई कडाइका साथ अघि बढाएका छौँ। गत वर्ष रुकुमकोट जिल्ला अदालतमा दुई वटा गम्भीर प्रकृतिका मुद्दा दायर भएका छन्। दोषीलाई वन ऐन २०७६ बमोजिम कैद र जरिवानाको मागदाबी गरिएको छ। डढेलो लगाउने व्यक्तिलाई समात्न कठिन हुन्छ किनकि कसैले पनि आगो लगाएको देख्दैनन्। तर, हामीले सुराकी संयन्त्रलाई परिचालन गरेर प्रमाण संकलन गरिरहेका छौँ।

## दोषी पहिचान नहुनु संस्थागत कमजोरी हो कि इच्छाशक्तिको अभाव ?

दोषी पहिचान नहुनुलाई संस्थागत कमजोरी मान्ने कि इच्छाशक्तिको अभाव? यसलाई कमजोरी भन्दा पनि भौगोलिक र सामाजिक संरचनाको चुनौतीका रूपमा बुझ्नुपर्छ। घना जंगलको बीचमा कसले आगो लगायो भन्ने कुराको प्रमाण जुटाउन निकै गाह्रो हुन्छ। समाजमा पनि 'आफ्नै छिमेकी हो, किन उजुरी गर्ने' भन्ने खालको मौनता छ। तर, हाम्रो इच्छाशक्तिमा कुनै कमी छैन। अहिले हामीले वन हेरालु र स्थानीय युवा क्लबहरूलाई निगरानीमा लगाएका छौँ। दोषीको पहिचान गर्नेलाई पुरस्कृत गर्ने र सूचना दिनेको नाम गोप्य राख्ने नीतिले गर्दा अहिले केही सफलता मिल्न थालेको छ।

## स्थानीय तहसँग समन्वय कमजोर हुँदा डढेलो नियन्त्रणमा नेतृत्व कसले लिन्छ ?

स्थानीय तह र वन कार्यालयबीचको समन्वय कमजोर हुँदा नेतृत्व कसले लिने भन्नेमै अलमल देखिन्छ। यसले गर्दा आगो झन् फैलँदैन? स्थानीय सरकार र वन कार्यालय बीचको समन्वयमा सुरुका वर्षहरूमा केही अन्योल पक्कै थियो। तर अहिले परिस्थिति फेरिएको छ। जिल्ला विपत् व्यवस्थापन समितिमार्फत हामीले कार्यविभाजन गरेका छौँ। वन क्षेत्रभित्रको आगोको प्राविधिक नेतृत्व डिभिजन वनले गर्छ भने बस्ती र जनधनको सुरक्षाको जिम्मा स्थानीय तह र सुरक्षा निकायले लिन्छन्।हामीले स्थानीय तहका प्रमुखहरूसँग नियमित संवाद गरिरहेका छौँ। समन्वय अभावले काम रोकिएको छैन बरु स्रोतको एकीकृत

परिचालनमा केही कठिनाइ मात्र हो।

**अन्त्यमा वन जोगाउने जिम्मेवारी पाएको निकाय आफैं असफल हुँदा डढेलोको दोष कसले लिन्छ ?**

अन्तमा, वनको संरक्षक मानिएको निकाय आफैँले आगो रोक्न नसकेपछि यसको नैतिक जिम्मेवारी कसले लिने? वन जोगाउनु एउटा सामूहिक दायित्व हो। डढेलो एउटा प्राकृतिक प्रकोप मात्र होइन, यो सामाजिक अपराध पनि हो। डिभिजन वन कार्यालयले आफ्नो क्षमताले भ्याएसम्म प्रयास गरिरहेको छ। तर, जबसम्म नागरिक आफैं सचेत हुँदैनन्, तबसम्म कर्मचारीले मात्र वन जोगाउन सक्दैन। हामी हाम्रो तर्फबाट भएका कमजोरी स्वीकार गर्छौँ र सुधारका लागि प्रतिबद्ध छौं। दोष थोपर्नु भन्दा पनि अबको समाधान कसरी गर्ने भन्नेमा ध्यान दिनु जरुरी छ। हामी चाहन्छौं, रुकुम पूर्वको वन सम्पदा जोगाउन प्रत्येक नागरिक एउटा वन रक्षक बनोस्।

# जाडोमा कसरी स्वस्थ रहने?



जाडोमा विभिन्न खालका भाइरसहरू सक्रिय भइरहेका हुन्छन्।जसका कारण रुघाखोकी, टन्सिलजस्ता संक्रमण बढिरहेको छ। यस्ता समस्याबाट जोगिन भीडभाडमा नजाने, जानै परे सावधानी अपनाउनु पर्छ।जस्तो, भरमर्दो मास्क लगाउने।यस्ता संक्रमणबाट बच्न सरसफाइमा पनि उत्तिकै ध्यान दिनुपर्छ।मौसमी रुघाखोकी लागेका व्यक्तिले अरूलाई नसरोस् भन्नका लागि आफूले प्रयोग गरेका रुमाल या टिस्यु पपेर जथाभाबी नराख्ने, सुरक्षित ठाउँमा मात्र राख्ने गर्नुपर्छ। छुट्टै ठाउँमा बसेमा अरूलाई संक्रमण हुँदैन। हातबाट भाइरस संक्रमण नहोस् भनेर सेनिटाइजर (हात सफा गर्ने तरल पदार्थ) प्रयोग गर्ने। सार्वजनिक स्थलका झ्याल, ढोका या बसका डण्डी छोएर त्यही हातले आँखा, नाक, मुख नछुने। किनकि यी भागबाट भाइरसस संक्रमण हुनसक्छ ।

**पोषिलो खाना खाने:** चिनी र चिल्लो कम खानुहोस्। तर भिटामिन बी, सी, डी र ई भएका खानेकुरा खानामा समावेश गर्नुहोस् । पर्याप्त मात्रामा तातो झोल, अन्डा, माछा, मासु, सागपात, मौसमी फलफूल, गेडागुडी, तरकारी, पिस्ता, काजु, ओखर, एभोकार्डो, कागती, मौसम, सुन्तला जुनार, स्ट्रेबरीजस्ता चिजबिज प्रशस्त मात्रामा खाने। पर्याप्त पानी पिउने : जाडोमा उति पानी प्यास लाग्दैन। किनकि चिसो मौसममा हाम्रो शरीरले पानीको आवश्यकता महसुस गर्दैन। तर पनि स्वास्थ्यका लागि जाडोमा पनि पानी प्रशस्त पिउनु आवश्यक हुन्छ। जाडोमा छालालाई सुन्दर राख्न तथा शरीरबाट विषाक्त पदार्थ बाहिर निकाल्न पानीले ठूलो मद्दत पुर्‍याउँछ। तर गर्मी मौसममा जति धेरै पानी भने शरीरलाई आवश्यक पर्दैन। **सक्रिय रहने :**के तपाई जाडो छ भनेर हिँड्डुल, व्यायाम तथा कुनै पनि शारीरिक काम गर्न अल्छी मान्नुहुन्छ ? सावधान ! यसो गर्नु स्वास्थ्यका लागि

घातक हुन्छ। जाडोमा खाना बढी रुच्छ। तर शारीरिक श्रम गरेनौं भने हामीले खाएका खाना शरीरमा जम्मा भएर बस्छ र त्यसले तौल तथा मोटोपना बढाउँछ। चिसोमा बाह्य सम्पर्क कम हुने डिप्रेसनसमेत हुने खतरा हुन्छ। त्यसकारण घाम लागेका बेला बाहिरफेर निस्कने साथीहरूसँग चियापान तथा भेटघाट गर्ने गर्ने गर्नुपर्छ।

यसले मानिसलाई सक्रिय र फूर्तिलो बनाउँछ। सक्दो न्यानो रहने:शरीरमा चिसो पसेमा विभिन्न रोग लाग्नसक्ने भएकाले चिसोबाट जोगिनुपर्छ। यसका लागि तातो सुप तथा खानेकुरा सेवनका साथै न्याना कपडा लगाउनु पर्छ।जाडो मौसम वृद्धवृद्धा र दीर्घरोगीका लागि ज्यादा कष्टकर हुने भएकाले उनीहरूले विशेष सजगता अपनाउनुपर्छ।

घरमा ढुसी उम्रिन नदिनुहोस् : चिसोका कारण हामी घरका झ्याल–ढोका प्रायः बन्द राख्छौं। जसका कारण कोठामा हावा छिर्न पाउँदैन र घाम नपर्ने भागमा ढुसी उम्रिन सक्छ। यस्ता ढुसीले रुघाखोकी लाग्ने, नाक चिलाउने, आँखा चिलाउनेजस्ता एलर्जीका समस्या हुन सक्छ। यसकारण घरमा बेलाबखत झ्याल–ढोका खोलेर घरमा हावा तथा घाम छिर्न दिनुपर्छ।

साथै सफाइमा पनि उत्तिकै ध्यान दिनुपर्छ। दम व्यवस्थापन गर्नुहोस्:जाडोमा सबैभन्दा बढी दमका रोगीलाई सताउने भएकाले यस्ता समस्या भएकाहरूले विशेष ध्यान दिनुपर्छ। वृद्ध उमेरका व्यक्तिले आफ्नो दमलाई समयमै व्यवस्थापन गर्नुपर्छ।यसका लागि चिकित्सकले सिफारिस गरेका औषधि नियमित सेवन गर्ने तथा न्यानोमा बसेर आफूलाई सहज पार्नुपर्छ।

# प्राँगारिक उत्पादनका लागि माटो व्यवस्थापन र गोठेमलको महत्व

**परिचय र महत्व :** साधारण अर्थमा गोठेमल वा गोबरमल भन्नाले गाई–बस्तुको मल भन्ने बुझिन्छ।गाई–बस्तुको गोठबाट जम्मा गरिएको सोतर, गोबर र गहु‘त जम्मा गरेर कुहिएपछि गोठेमल तयार हुन्छ। खेती पातीको लागि गोठेमल नभई हुदैन। गोठेमलमा बिरुवाको लागि आवश्यक खाद्यतत्वहरु पाईन्छन्। यसमा सरदर ०.५ प्रतिशत नाईट्रोजन, ०.२५ प्रतिशत फस्फोरस, ०.५ प्रतिशत पोटास र अन्य आवश्यक तत्वहरु पनि हुन्छन्। त्यसैले आवश्यक परिमाणमा गोठेमल प्रयोग गरेमा बालीको उत्पादकत्व र उत्पादनमा बृद्धि गर्न सकिन्छ। एक रोपनी जग्गामा कम्तिमा ४० डोको (१ टन प्रति रोपनी) गोठेमल प्रयोग गर्न सकेमा माटोको उर्वराशक्ति बढ्नुका साथै बाली उत्पादन दिगो रुपमा बृद्धि गर्न सकिन्छ। खेत बारीको माटो कृषकको मुटु हो तर अधिकांश किसान माटो के हो त भन्ने विषय अनविज्ञ हुनु, माटोको अवस्था कसरी थाहा पाउने, माटोमा अम्लिय तथा क्षारिपना बढि भए बालीलाई कस्तो असर गर्दछ, माटो अम्लिय बनाउने तत्वहरु के–के हुन, माटो सुधारका लागि गाई वस्तुको गोबर मल व्यवस्थापन नै महत्वपुर्ण विषय हो भन्ने कम जानकार हुनु साथै कृषकहरुले गाई वस्तुको गोबर मललाई मलखादोमा यत्रतत्र छरिएर राख्नु, घाम र पानीबाट जोगाउन उचित चिस्यान/छाहारी/ वा कुनै छाप्रोको व्यवस्थापन नगर्नु, खेत बारीलाई गाई वस्तु चरन क्षेत्रको रुपमा लिनु, कांचो गोवर मलको प्रयोग गर्नु, खेतबारीमा लामो समय सम्म खुल्ला रुपमा गोबर मल छरेर राख्नु

आदि कारणले माटो र मलमा भएको खाद्यतत्व संरक्षण पनि हुन नसक्ने र दिनानु दिन बालीमा रोग र किराको प्रकोप बढेर जाने आदी कारणले कृषकहरुले सोचे अनुसार उत्पादन लिन सकिरहेका छैनन् । तसर्थ गोबर तथा गोठे मल र पशुमुत्रलाई ब्यवस्थित र बालीलाई उच्च पोषकतत्व प्रदान गरि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न गोठेमल व्यवस्थापनलाई प्राथमिकता दिनु सबै भन्दा उत्तम उपाय रहेको छ । पशु मुत्रको क्यूरिङ तथा मलमा भएको पोषकतत्व कायम गर्न र यसलाई शिघ्र डिकम्पोज गरि पोषक तत्व विरुवालाई प्रचुरमात्रामा उपलब्ध गराउन र मलमा भएका प्रमुख खाद्यतत्वहरुको संरक्षण गर्न गोबर मल तथा माटो व्यवस्थापनको महत्व रहेको छ ।

**गोठेमल बनाउन सुधारिएको तरिका किन आवश्यक ?**

गोठेमलमा भएको प्रांगारिक पदार्थहरुलाई सूक्ष्म जीवहरुले कुहाएपछि मल तयार हुन्छ। गोठेमललाई सूक्ष्म जीवहरुद्वारा राम्ररी कुहाउन उचित मात्रामा ताप, चिस्यान र हावा सञ्चारको आवश्यकता हुन्छ।

यी सबै कुराहरुलाई उचित मात्रामा मिलाउन सुधारिएको प्रविधि आवश्यक हुन्छ। गोठेमलको थुप्रोमा उचित ताप उत्पन्न गराउन गोबर मिसिएको सोतरलाई तह–तह पारेर राख्नु आवश्यक हुन्छ । कृषि चूनको प्रयोगले पनि थुप्रो भित्रको तापक्रम बढ्छ । गोठेमल सिधा चर्को घाममा पर्न गएमा बढी सुख्खा भएर नकुहिने र त्यसमा भएको नाईट्रोजन तातिएर ग्यासको रुपमा नष्ट हुन्छ । वर्षाको पानीबाट नजोगाएमा गाठेमलमा भएको ५० प्रतिशत नाईट्रोजन, ५० प्रतिशत फस्फोरस र ९० प्रतिशत सम्म पोटाशियम पानी संगै चुहिएर नाश हुन्छ । गोठेमलको थुप्रोभित्र हावाको राम्रो सञ्चार हुन आवश्यक छ । यी सबै कुराहरुको कमीले गर्दा परम्परागत तरिकाले तयार पारेको गोठेमल राम्ररी कुहिंदैन र कमशल गुणस्तरको हुन्छ । त्यसैले हाम्रा कृषकहरुले सुधारिएको प्रविधिको प्रयोग गरेर राम्रो गुणस्तरको गोठेमल बनाउन आवश्यक छ । परम्परागत तरिकाबाट बनाएको राम्ररी नकुहिएको गोठेमल कमसल गुणस्तरको राम्ररी नकुहिएको भएको हुनाले खाद्य तत्वहरुको आपूर्ति कम हुने र माटोमा रोग र कीरा (खुम्रे,रातो कमिला) को प्रकोप बढ्ने हुन्छ ।

**गाई भैसीको गोबरलाई छिटो कुहाउनका लागि आवश्यक सामग्री:**

आवश्यक सामग्री: गाईको गोबर: ताजा वा सुक्खा, उपलब्धताका आधारमा। सुक्खा जैविक पदार्थ सुकेको पात, पराल,काठको धुलो, वा काठका टुक्राहरू ।

हरियो जैविक पदार्थ हरियो घाँस, तरकारीका फालिने भागहरू,वा अन्य नाइट्रोजनयुक्त सामग्री। पानी चिस्यान ५०–६०% आद्रता कायम राख्नका लागि । कम्पोस्ट स्टाटर लाभदायक सूक्ष्मजीवहरू थप्न तयार गरिएको कम्पोस्ट छोप्ने सामग्री पराल, त्रिपाल, वा प्लास्टि,हावा लगाउने उपकरण: काँटा,बेल्चा,वा कम्पोस्ट पल्टाउने साधन। अन्य सामग्री सूक्ष्मजीव बढाउने पदार्थ कम्पोस्ट एक्टिभेटर,जस्तै गाईको पिसाब ।

बायोचार:सूक्ष्म जीवहरूको सक्रियता बढाउन। गोठेमल व्यवस्थापनका कमजोरीहरु मुत्रको सदुपयोग नहुनु ।घाम पानीबाट मलको गुणस्तरमा क्षति हुनु । नपाकेको मलको प्रयोग हुनु । खेतबारीमा मल लैजानु अघी



सुकाउने गरिनु । खेतबारीमा पुर्याएपछि पनि मल घाममा सुक्न दिनु । सुधारका लागि अपानउन सकिने तरिकाहरु : गोबर, सोत्तर, मुत्रलाई खाडल वा थुप्रोमा जम्मा गरी यसलाई घामबाट बचाउने वर्षा, भलपानी र वर्षाको पानीबाट बचाउने । गहुँतको राम्ररी सदुपयोग गर्ने । खाडलबाट निकालेपछि मललाई नसुकाई सीधै खेतबारीमा पुर्याउने । खेतबारीमा पुर्याएपछि तुरुन्तै फिजाउने र जोतेर माटोमा मिलाई हाल्ने । यदी माटोमा तुरुन्तै मिलाई हाल्न नसक्ने भएमा सो मललाई घामबाट बचाउन ठुला ठुला थुप्रामा पराल, स्याउलाहरुले छोपेर राख्ने ।

**गाई वस्तुको गहुँत वा मुत्रलाई सदुपयोग गर्न सकिने उपायहरु :** कुलेसो बनाइ मुत्र सीधै खाडलमा पुर्याउने ।बढीभन्दा बढी सोत्तर प्रयोग गरी मुत्र सोसाउने।ड्रममा मुत्र जम्मा गरी मल खाडलमा लगेर राख्ने । पानी मिसाई बालीमा सीधै प्रयोग गर्ने । गाईवस्तुको गोबर र गहुँतबाट प्राप्त हुने नाईट्रोजनमध्यै मुत्रमा ५ भाग र गोबरमा ३ भाग मात्र पाइन्छ । घामपानीबाट जोगाउने: मलको खाडल वा थुप्रोमा स्याउला, सुकेका झारपात वा मकैका ढोडले छोपेर, बलेसीको पानी र भल तर्काएर मलमाथि छानो बनाइ लहरेबालीहरु लगाएर र रुखको छायाँ पर्ने ठाउँमा मल खाडल वा थुप्रो बनाएर मललाई घामपानीबाट बचाउन सकिन्छ ।यसै गरी कुनै पनि बाली लगाउनुभन्दा पहिले मललाई माटोमा मिसाउने र घामबाट सुक्नबाट बचाएर गोठेमलको खाद्यतत्व संरक्षण गर्न सकिन्छ। गोठेमलकोकमी भएको वा टाढाको खेतबारीको लागि त्यही ठाउँमा नै कम्पोष्ट मल बनाएर प्रयोग गर्न सकिन्छ ।

**मलको उचित प्रयोग** : थुप्रोमा राम्रोसँग हावा खेल्न पाएन भने बढी तापक्रम र हावाको अभावका कारण गोबरलाई कुहाउने स-साना जीवाणुहरू मर्न जान्छन् जसको कारणले गर्दा गोबर लामो समयसम्म नकुहीने हुनाले जस्ताको तस्तै रहन सक्छ। त्यसैले थुप्रोमा राम्रोसँग हावाको आवतजावत होस् भन्नका लगि थुप्रोलाई ३-४ पटकसम्म पल्टाउनु पर्दछ ।

मल तयार पार्दा थुप्रोको चिस्यान, तापक्रम, सोत्तरको किसिम र आकारमा ध्यान दिनुपर्दछ।वर्षायाममा थुप्रोमा र हिउँदयाममा खाडलमा मल जम्मा गर्नु उपयुक्त मानिन्छ । यसरी जम्मा गरेको मल साधरणतया ३ महिनामा तयार हुन्छ । मल तयार भईसकेपछि खेतको गह्रामा लगेर तुरुन्तै जोतिहाल्नु पर्दछ नत्र लामो समय मललाई गह्रामा फिंजाएर राख्दा त्यसमा भएको पोषण तत्व सबै हावामा उडेर नष्ट हुन्छ। गोठेमललाई एउटै खाडलमा घरी कतै घरी कतै राख्नु भन्दा खाडललाई तीन भाग गरेर एउटा भागमा भर्दै जाने, त्यो भागलाई करिब एक हात जति माथिसम्म चुल्याउने र चिस्यानको मात्रा कम भए आवश्यकताअनुसार पानी राखिदिनु पर्दछ। त्यसपछि मात्र खाडलको माथिबाट माटो र गोबरको बराबरी मिश्रणले लिपिदिनु पर्दछ र खाडल वा थुप्रोको अर्को भाग भर्न थाल्नुपर्छ । यसो गर्दा मल तयारी गर्न पनि सजिलो र वातावरण मिलाउन पनि सजिलो हुन्छ।यसरी हेर्दासाधारण व्यवस्थापनबाट

करिब ८५ प्रतिशत नाइट्रोजन नोक्सानी भई केवल १५ प्रतिशत नाइट्रोजन बिरुवाले लिन सक्छन् जसलाई सुधारिएको व्यवस्थापन बाट २८ प्रतिशत मात्र नाइट्रोजन नोक्सानी भई ७२ प्रतिशत नाइट्रोजन बिरुवाले लिन सक्छन्।

**कम्पोस्ट मल:**जैविक तथा वानस्पतिक पदार्थहरूलाई तह तह पारी खाडल र थुप्रोमा जम्मा गरी सूक्ष्म जैविक प्रक्रियाद्वारा विघटन गराई बनाएको जैविक मललाई कम्पोस्ट मल भनिन्छ। कम्पोस्ट मल नेपालमा प्रमुख मलको रूपमा रहे तापनि कृषकहरूले निर्धारित विधि अपनाई प्रयोग नगरेको कारणले कृषकहरूले जति नै यो मल प्रयोग गरे पनि कम गुणस्तरका कारण माटोको उर्वराशक्तिमा खासै प्रगति भएको पाइँदैन। कम्पोस्ट मल तयार पार्ने ठाउँ तथा सामग्रीको व्यवस्था मल बनाउने ठाउँ छान्दा कम खर्चिलो तर बढी मल तयार हुने खालको, खाद्यतत्व संरक्षण हुने, पानी नपस्ने र जमिनमुनिको पानीको सतह नजिक नभएको ठाउँ छान्नु पर्दछ। गोठे मल तथा कम्पोस्ट मलका लागि ठाउँको छनोट गर्दा निम्न कुराहरूमा ध्यान दिनु पर्दछ।

गोठको नजिकको ठाउँको छनोट गर्नु पर्दछ।टाढा भएमा श्रम तथा समय दुवैको लगानी बढ्छ। गोबरको भन्दा पनि मुत्रको अझ बढी महत्व हुने हुँदा गोबर र गहुँत दुवैको संरक्षण हुने स्थान रोज्नु पर्दछ।खाडल वा थुप्रोलाई वर्षा तथा घाम पानी दुवैबाट जोगाउनु पर्दछ। सुधारि एको गोठमा मुत्र सङ्कलनका लागि नाली बनाउनु पर्दछ र टंडी वा खाडल पनि बनाउन सकिन्छ। सामाग्री पाउने भएमा खेत बारीकै एक छेउमा कम्पोस्ट मल बनाउन सकिन्छ। यसो गर्दा मल ढुवानी गर्ने खर्च तथा मेहनत कम लाग्दछ।

- कम्पोस्ट खाडल गोठको नजिक पनि खन्न सकिन्छ, यसो गर्दा गोठे मललाई पनि कम्पोस्ट मलमा परिणत गर्न सकिन्छ।
- घर नजिक कम्पोस्ट खाडल खन्दा घरमा फ्याँकिने जैविक अवशेषहरू सबैलाई कम्पोस्टमा परिणत गर्न सकिन्छ।
- कम्पोस्ट बनाउने वस्तुहरू (पात पतिङ्गर, झारपात) सजिलै पाइने ठाउँ नजिकै कम्पोस्ट बनाउँदा बढी सुविधाजनक, सस्तो र श्रमकोसमेत बचत हुन्छ।

कम्पोस्ट मल बनाउने सामाग्रीको छनोट गर्दा ध्यान दिनुपर्ने कुराहरू : कम्पोस्ट मल बनाउँदा प्रयोग गरिने वस्तुहरू जति कलिला र नरम हुन्छन् त्यति नै चाँडै कुहिने हुन्छन् । उदाहरणका लागि खेतबारीका कलिला झारपातहरू चाँडै विघटित हुन्छन् भने ढोड, नल र परालला‌ई कुहाउन धेरै समय लाग्दछ । त्यस्तै दलहन बालीका अवशेष चाँडै कुहिने हुन्छन। छिटो र ढिलो कुहिने हुने कुरा तिनमा निहित कार्बन र नाइट्रोजनमा भर पर्दछ। गोठेमल तथा कम्पोस्ट मल विघटित हुने प्रक्रियामा असर पार्ने कारक तत्वहरू: तापक्रम प्राङ्ग्रारिक वस्तु कुहिने प्रक्रियामा तापक्रमको प्रमुख भूमिका हुन्छ। जाडो वा गर्मी मौसमले कम्पोस्ट मल बनाउने प्रक्रियामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभाव पार्दछ । नेपालको पहाडी तथा मध्यपहाडी भेगमा जहाँ जाडो याममा तापक्रम निकै कम (१०° से. भन्दा कम) हुन्छ, यस्तो अवस्थामा पात पतिङ्गर कुहिएर कम्पोस्ट मल बन्न लामो समय लाग्छ। तर तराई तथा गर्मी भेगमा तापक्रम बढी हुने हुँदा तुलनात्मक रूपमा मल

छिटै तयार हुन्छ । कम्पोस्ट मल बनाउने प्रक्रियामा आफैँ पनि (खाडल वा थुप्रोमा) तापक्रम बिस्तारै ५५ देखि ७०° से. सम्म बढ्छ तर पनि कम्पोस्टिङ प्रक्रिया सुरु गराउन वातावरणीय तापक्रमको ठूलो महत्व हुन्छ। कम (१०° से. भन्दा कम) र अधिक तापक्रम (७०° से. भन्दा बढी) मा कुहाउने जीवाणुहरूको सक्रियता घट्छ, जसले गर्दा कम्पोस्ट मल तयार हुन धेरै समय लाग्न जान्छ । हावा (अक्सिजन) सूक्ष्म जीवाणुहरूको वृद्धि तथा तिनका गतिविधिलाई बढाउन अक्सिजनको आवश्यकता हुन्छ। त्यसैले प्राङ्गारिक पदार्थ कुहाउन उपयुक्त प्रक्रियाको लागि कम्पोस्ट खाडल वा थुप्रोमा निम्न कारणहरूले गर्दा हावाको अवातजावतको व्यवस्था मिलाउन जरुरी हुन्छ।

- अक्सिजनको अभावमा सूक्ष्म जीवहरूको गतिविधि बन्द हुने हुँदा यी जीवाणुहरूको क्रियाशीलता बढाउन।
- हावाको उपस्थितिमा विघटित हुने प्रक्रियालाई बढावा दिन।
- जीवाणुहरूको क्रियाकलापबाट उत्पन्न कार्बनडाइअक्साइड बाहिर पठाउन। थुप्रोको तापक्रम केही हदसम्म कम गर्न।

पानी :कुनै पनि प्राङ्गारिक वस्तु विघटन हुनका लागि अर्थात् त्यसमा सूक्ष्मजीवाणुहरूको क्रियाकलाप बढाउन त्यसमा उपयुक्त चिस्यान हुन जरुरी हुन्छ । कम्पोस्ट बनाउने वस्तुहरू छिटो विघटन गराउनका लागि तिनमा ५०-६० प्रतिशत चिस्यानको आवश्यकता पर्दछ। बढ्ता वा कम पानी भए विघटित हुन बढी समय लाग्ने हुँदा कलिला, हरिया वस्तुसँग सुख्खा पदार्थ मिसाउने र कम चिस्यान भए माथिबाट पानी छर्कनु उपयुक्त हुन्छ। क्ष्म जीवाणुहरूको सङ्ख्या र तिनको सक्रियता प्राङ्गारिक पदार्थ छिटो तथा प्रभावकारी ढङ्गले विघटित हुनका लागि सूक्ष्म जीवाणुहरूको सङ्ख्या र तिनीहरूको गतिशीलतामा भर पर्दछ । वस्तुमा जति धेरै सूक्ष्म जीवाणुहरू हुन्छन् त्यति नै छिटो वस्तुलाई टुक्रयाउँछन।यी सूक्ष्म जीवाणुहरू वृद्धि गर्नका लागि माथि उल्लिखत सबै कारक तत्वहरू अनुकूल हुनुपर्दछ।

कम्पोस्ट मल बनाउँदा अपनाउनुपर्ने विधिहरू मल थुपार्ने तरिका विभिन्न परिस्थितिका लागि निम्न तीन तरिकाबाट कम्पोस्ट मल बनाउन सकिन्छ । खाडल विधि थुप्रो विधि: विभिन्न परिस्थितिका लागि थुप्रो वा खाडलविधिहरू अपनाउन सकिन्छ । जस्तै : खाडल विधि ।सुख्खा या हिउँद याममा मल बनाउनु पर्दा वा मल बनाउने। सामग्रीमा कम चिस्यान भएको अवस्थामा खाडल विधि अपनाउन सकिन्छ। खाडल विधि स्थाई हुने हुँदा एक पटक खाडल खने पछि सँधैलाई भइरहन्छ । वर्षा याममा मल बनाउनु पर्दा वा मल बनाउने सामग्रीमा बढी चिस्यान भएको अवस्थामा यो विधि उपयुक्त हुन्छ । वर्षा याममा खाडलमा पानी पस्ने र पौस्टिक तत्वहरू चुहिएर खेर। जाने सम्भावना बढी हुने हुँदा यो समयमा धुप्रो विधि फाइदाजनक हुन्छ।

गर्मी समयमा घाम र पानीबाट धुप्रोलाई अनिवार्य रूपमा जोगाउनु पर्दछ, नत्र मल सुक्दछ ।कम्पोस्ट मल बनाउने विधि कम्पोस्ट मल बनाउँदा प्रयोग गरिने चीजहरू काटेर टुक्रा बनाई राख्नुपर्दछ । जति साना-साना टुक्रा भयो त्यति नै छिटो र सजिलोसँग विघटन हुन्छ । कम्पोस्ट मल बनाउने वस्तुहरू केही दिन

सोत्तरको रूपमा प्रयोग गरेर खाडलमा राख्न सके सबै भन्दा राम्रो हुन्छ। यसो गर्न नसकिएमा करिब १ हातको उचाइको फरकमा जोरनको प्रयोग गर्दै जानुपर्छ । कम्पोस्ट बनाउन प्रयोग गरिएको वस्तुमा आवश्यक चिस्यान हुनुपर्छ । चिस्यान कम भए पानी वा गहुँत छर्कनु उत्तम हुन्छ । चिस्यान व्यवस्थापनका लागि सुख्खा याममा खाडल विधि र वर्षामा थुप्रो विधिबाट मल बनाउने, खाडलको वरिपरि लहरे बाली विघटन भएको वा कुहिएको मल हातमा लिएर मिच्दा धुलो हुन्छ र हातमा लाग्दैन।

जोरन के हो ? जोरन कम्पोस्ट मल बनाउन राखिएका समाग्रीलाई राम्ररी विघटित गराउन प्रयोग गरिने वस्तु हो । यसमा सूक्ष्म जीवाणुहरूको संख्या बढाउन मद्दत पुऱ्याउने वा तिनले खानाको रूपमा प्रयोग गर्ने वस्तुहरू हुन्छन्। जस्तै पाकेको गोठेमल वा कम्पोस्ट मल, मुत्र, खरानी, वनको माटो, चुना, प्रभावकारी जीवाणु (ई.एम.) गोबरको र मुत्रको घोल, गोबर ग्याँसवाट निस्केको लेदो आदि।

**गोठेमल र कम्पोस्टमलमा के फरक छ ?**

गोठेमल कम्पोस्ट मल गोठेमल गाईवस्तुको गोबर, मुत्र तथा सोत्तरलाई मुख्य स्रोतका रूपमा लिएर त्यसमा थप स्याउला, झारपात, वालीको अवशेष आदि मिसाई वा नमिसाई गोठ नजिक तयार गरिएको मल नै गोठे मल हो, यसको मुख्य अंश गाई वस्तुको गोबर र मुत्र हो। खेर जाने जैविक तथा वानस्पतिक पदार्थहरूलाई तह तह पारी खाडल, अर्धखाडल र थुप्रोमा जम्मा गरी कुहाउनको लागि उपयुक्त वतावरण सिर्जना गरी सूक्ष्म जैविक प्रक्रियाद्वारा विघटन गराई बनाएको जैविक मल नै कम्पोस्ट मल हो। यसमा जोरनको रूपमा गाईवस्तुको गोबर तथा मुत्रको प्रयोग गरिन्छ । पशुमुत्र बिरुवाका लागि आवश्यक खाद्यतत्वहरू मुख्यतया नाइट्रोजन छिट्टै उपलब्ध गराउने प्राङ्गारिक स्रोत हो । यसलाई पानीमा मिसाएर बिरुवामा छर्न सकिन्छ, जसबाट नाइट्रोजनका साथसाथै अन्य खाद्यतत्वहरू बिरुवाले पाउन सक्छ र यसमा भएका विभिन्न तत्वहरूले लाहि लगायत विभिन्न कीरा मार्दछ भने यसबाट निस्किएको गन्धले विभिन्न कीराहरूलाई भगाउँछ। मुत्र सङ्कलन एवं सदुपयोगको अभावमा मुत्रमा पाइने खाद्यतत्वको नोक्सान भइरहेको अवस्था एकातिर छ भने अर्कोतर्फ बाली बिरुवालाई चाहिने नाइट्रोजनको धेरै हिस्सा वर्षेनि बाहिरबाट आयत गनुपर्ने स्थिति हामी माझ छ। रासायनिक मल हालसम्म हाम्रो देशमा बन्न नसकेकाले विदेशबाट आयत गर्नु परिरहेको अवस्था छ। तर गाई भैंसीकै मुत्रमा पाइने धेरैजसो नाइट्रोजन (८० - ९०%) त्यसै खेर गइरहेको छ। गाई भैसीको मुत्रलाई सङ्कलन र सदुपयोग गर्न सकेमा यसबाट प्राप्त हुने नाइट्रोनज विदेशबाट आयात गरिएको युरियाको तुलनामा धेरै प्रभावकारी र सस्तो हुनुको साथै रासायनिक मलको मानव र वातावरणमा परेको नकरात्मक असरबाट बच्न पनि सकिन्छ । पशुमुत्रको प्रयोगले स्वच्छ बाली उत्पादनमा वृद्धि हुन गई वातावरण जोगाउनमा समेत महत्वपूर्ण भूमिका खेलेको हुन्छ । गहुँतको महत्वपूर्ण पक्ष भनेको गोबरमा भन्दा गहुँतमा दोब्र नाईट्रोजन पाईन्छ । उदाहरणको लागि गाई-भैसीलाई १०० प्रतिशत भाग नाईट्रोजन भएको घाँस दाना खुवायो भने ८० प्रतिशत भाग गोबर र गहुँतमा फर्कन्छ र शरीरमा केबल २० प्रतिशत भाग मात्र प्रयोगमा आउँछ। यो ८० प्रतिशत भागमा ५२ प्रतिशत भाग गहँतमार्फत र २८

प्रतिशत भाग गोबरमा फर्कन्छ। गहुँतमा सोत्तर मिसाएर कुहाएको मल बालीनाघ्यका लागि राम्रो पोषणको स्रोत बन्न सक्दछ । पराल, सुकेका पातपतिङ्गर, झारपात आदि सोत्तरको रुपमा प्रयोग गर्दा तिनीहरुमा आफ्नो तौलको दुई गुणाभन्दा बढी पिसाव सोसेर राख्ने क्षमता हुन्छ । बन्दै गएको मलबाट खाद्यतत्व उडेर जान नदिनका लागि घाम र वर्षातको पानीबाट जोगाउनु पर्दछ। यसका लागि मलको थुप्रो माथि छाप्रो बनाई लहरे कारकारी बाली लगाउन सकिन्छ।

हाल किसानहरुले मुत्रको प्रयोग नगरीकन त्यसै खेर फाल्ने गरेका छन् । गाईवस्तुबाट प्राप्त हुने कुल नाइट्रोजनमध्ये ४० प्रतिशत गोबरमा हुन्छ भने ६० प्रतशित मुत्रमा हुन्छ । एउटा गाई वा भैंसीले २४ घण्टामा बम्तीमा ६ लिटर मुत्र उत्पादन गर्दछ । यस हिसाबले ४ वटा गाईवस्तु मात्र पाल्नाले वर्ष दिनमा ८७६० लिटर मुत्र उत्पादन हुन्छ । जुन १३१ के.जी नाइट्रोजन प्राप्त हुन्छ। यस हिसाबले विचार गर्दा हामी कति लापरवाही गरिरहेका छौं।

***पशुमुत्र सङ्कलन तथा प्रयोगबाट हुने फाइदाहरू***

- पशुमुत्रमा नाइट्रोजन र पोटासको मात्रा धेरै हुने भएकाले रासायनिक मलको आपुर्ति कम गरी ठूलो धनराशी देश बाहिर जानबाट जोगाउन सकिन्छ।
- पशुमुत्रबाट वानस्पतीक विषादी बनाएर बाली नालीको रोग तथा कीराको व्यवस्थापन गर्न तथा सूक्ष्म तत्वको पूर्ति गर्न सकिन्छ।
- रासायनिक मलमा कटौती गरी उत्पादन लागत घटाउन सकिन्छ ।बालीबिरुवामा प्रयोग गर्दा पिसाब सँगै सिँचाइ पनि हुने।
- गोबरग्याँसमा प्रयोग गर्दा मिथेन ग्याँस बढी उत्पादन हुने।गाई वस्तुको भकारो सफा भई रोग कम लाग्ने र दूध उत्पादनमा वृद्धि हुने । गोठेमलको गुणस्तर बढाउन सकिने।
- गोठेमलको उचित व्यवस्थापन गरी प्रयोग गर्दा हुने फाईदाहरु
- गोठेमलमा थोरै मात्रामा भए तापनि बिरुवाहरुलाई आवश्यक प्राय सबै खाद्यतत्वहरु पाइने भएकोले यसले एक प्रकारको पूर्ण मलको रुपमा काम गर्दछ।
- गोठेमलमा पाइने खाद्यतत्वहरु विस्तारै माटोमा बिरुवाहरुले उपयोग गर्न सक्ने रुपमा परिवर्तन हुने भएकोले रासायनिक मलहरु जस्तो चुहिएर नाश हुने समस्या कम हुन्छ । यसै गुणले गर्दा प्राङ्डारिक मलहरुको असर माटोमा लामो समयसम्म रहन्छ र पछि लगाइने अरु बालीलाई पनि काम दिन्छ।
- गोठेमलको प्रयोगबाट माटोको भौतिक गुणमा सुधार आउँछ। फलस्वरुप माटो खुकुलो हुने, माटो भित्र हावाको सञ्चार राम्रो हुने, माटोले पानी सोस्ने र अड्याउन सक्ने शक्ति बढ्ने, माटोको बनौट राम्रो हुने र भू-क्षय कम हुने आदि हुन्छ।
- गोठेमलको प्रयोगबाट माटोमा रहने लाभदायक सूक्ष्म जीवाणुहरुको संख्या र क्रियाकलाप बढ्दछ।
- गोठेमलको प्रयोगबाट माटोमा बिरुवालाई आवश्यक तत्वहरुको सन्तुलनमा नराम्रो असर पर्दैन । माटो अम्लीय अथवा बढी क्षारीय बन्दै जाने समस्या पनि हुँदैन्।
- गोठेमल आफ्नै मिहेनतबाट गाउँ-घरमा नै तयार गर्न सकिन्छ। यसको लागि ठूलो धनराशि खर्च गर्नु पनि पर्दैन।

# सूचना

वर्ष ७ अङ्क २२ २०८२ पुस २७ आईतबार

भूमे गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)

## जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाइसराई, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु सम्बन्धित वडा कार्यालयमा गइ ३५ दिनभित्रै दर्ता गराऔं ।
- आफूले तिर्नु/बुझाउनु पर्ने घर जग्गा कर, मालपोत कर, व्यवसाय कर लगायतका कर तथा शुल्कहरु समयमै बुझाउने बानी बसालौं ।
- सार्वजनिक स्थलहरुमा जथाभावी फोहोर नफालौं, आफ्नो घर आँगन सफा राखौं र फोहरको उचित व्यवस्थापन गरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेका विकास निर्माण कार्यहरुमा सहभागी हुँदै रेखदेख गरौं ।
- आफ्ना नानी -बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याऔं ।
- विद्यालय जाने उमेर समूहका बालबालिकाहरुलाई विद्यालय पठाऔं, आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेका पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको संरक्षण गरौं ।
- बालविवाह सामाजिक अपराध भएकाले २० वर्षपछि मात्र विवाह गरौं र गराऔं ।
- सार्वजनिक सम्पत्ति, ऐतिहासिक, पुरातात्विक सम्पदाहरुको संरक्षण गरौं ।
- वनमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- अपाङ्गता भएका व्यक्तिहरु, असहायहरु, जेष्ठ नागरिकहरु र बालबालिकाहरुलाई आवश्यक सहयोग गर्ने बानी बसालौं ।
- व्यवसाय सञ्चालन गर्दा गाउँपालिका वा सम्बन्धित निकायमा अनिवार्य दर्ता गराइ सञ्चालन गर्ने गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बीउबिजनको प्रयोग गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरौं ।
- घरेलु हिंसा, लैङ्गिक हिंसा, जातीय भेदभाव लगायतका सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- प्लास्टिक जथाभावी नफालौं, प्लास्टिकको न्यून प्रयोग गरौं, प्लास्टिकमुक्त गाउँ बनाउने अभियानमा सबैले सहयोग गरौं ।